नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
सिंहदरवार, काठमाण्डौ
फोन ४२००१०९, ४२००२८१

पत्र संख्याः-

चलानी नं.:-

शिष्टाचार भेटघाट

# प्रेस विज्ञप्ति

मा. उप–प्रधानमन्त्री तथा संघीय मामिला तथा स्थानीय विकास मन्त्री श्री विजय कुमार गच्छदारज्यूसँग नेपालका लागि जापानका महामहिम राजदूत मासाकी ओगावाज्यूले आज संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा शिष्टाचार भेटघाट गर्नु भयो । भेटका अवसरमा मा. उप–प्रधानमन्त्रीज्यूबाट नेपालको विकासमा जापान सरकारले गरेको निरन्तर सहयोग र सुभेच्छाका लागि जापान सरकारलाई धन्यवाद दिनु भएको थियो । साथै देशमा पछिल्लो एक दशकमा राजनीतिक रुपमा ठूलो परिर्वतन आएको र प्राप्त उपलब्धिलाई संस्थागत गर्नका लागि संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको महत्वपूर्ण भूमिका रहेको अवगत गराउनु भयो । त्यसैगरी मुलुकमा नयाँ संविधान जारी भएसँगै केन्द्रमा रहेको अधिकार स्थानीय तहमा पठाउने कार्य भइरहेको र स्थानीय तहको संस्थागत विकास र आधुनिक सूचना प्रविधिको प्रयोग सहित गुणस्तरीय सेवा प्रवाहको सुनिश्चिततामा जोड दिइएको जानकारी गराउँदै आगामी दिनमा त्यस क्षेत्रमा समेत जापान सरकारको सहयोग विस्तार गर्न अनुरोध गर्नु भएको थियो ।

उक्त भेटका अवसरमा महामहिम राजदूतबाट नेपालले दुई चरणको स्थानीय तहको निर्वाचन सफलतापूर्वक सम्पन्न गरेकोमा जापान सरकारको तर्फबाट हार्दिक वधाई दिनु हुँदै आगामी दिनमा जापान सरकारको सहयोग निरन्तर रहने विचार व्यक्त गर्नु भयो ।साथै आगामी साउन ३–४ मा काठमाडौंमा आयोजना हुने Stakeholder Meeting on Disaster Waste Management following Earthquake in Nepal कार्यक्रममा जापान सरकारको वातावरण राज्यमन्त्री श्री ताकाहिरो इतो नेपाल भ्रमणमा आउनु हुने जानकारी गराउँदै सो कार्यक्रममा नेपाल सरकारको तर्फबाट सक्रिय सहभागिता रहने र उक्त सम्मेलन नेपालको हितमा महत्वपूर्ण हुने विश्वास व्यक्त गर्नु भयो ।

रुद्रसिंह तामाङ

प्रवक्ता (सह सचिव)

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

२०७४ असार २९

Scanned by CamScanner